जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ स.नि.हु.का.द.नं. ४/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३६ अंक ६४ २०८३ साल असोज १७ गते शनिबार (3 Oct 2026 Saturday) मूल्य रु. ५/-

## चट्याङको समयमा सर्तक रहौं

१. बिजुली चम्केको बेला सतर्क रहने ।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने ।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने ।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने ।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने ।
६. सकभर अग्लो स्थानमा बस्ने ।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने ।

**Log in : rajbirajdainik.com.np**

*यस अंक भित्र :* २ पृष्ठमा : बाढीको पूर्वसूचना दिने... ३ पृष्ठमा : सन्तानप्रति समर्पित ... ३ पृष्ठमा :मतदाता सूची विवादमा कक्रोच...

# लेखापढी व्यवसायी परीक्षामा आर्थिक अनियमितता भएको बारका पूर्वअध्यक्षहरुको आरोप




**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

सप्तरी जिल्ला अदालत बार इकाइ राजविराजको कार्यसमितिले संचालन गरेको लेखापढी व्यवसायी परीक्षामा आर्थिक अनियमितता भएको आरोप लगाइएको छ ।

बार इकाइका पूर्वअध्यक्षहरू अधिवक्ता रामप्रसाद चौधरी, अधिवक्ता कृपानारायण यादव, अधिवक्ता उपेन्द्र प्रसाद यादव लगायत आधा दर्जन अधिवक्ताहरुले शुक्रबार पत्रकार सम्मेलन गर्दै परीक्षा सञ्चालन तथा आर्थिक कारोबारमा पारदर्शिता नदेखिएको आरोप लगाएका हुन् ।

पूर्वअध्यक्षद्वयले वर्तमान कार्यसमितिका अध्यक्ष कामेश्वर यादव, सचिव रामएकवाल यादव र कोषाध्यक्ष निलमकुमारी यादवमाथि २३ लाख रुपैयाँभन्दा बढी रकमको हिसाब-किताब नमिलेको आरोप लगाएका छन् ।

पत्रकार सम्मेलनमा सार्वजनिक गरिएको प्रेस विज्ञप्तिमा विगतमा पनि साधारणसभा नबोलाउने, आर्थिक हिसाब प्रस्तुत नगर्ने तथा लेखापरीक्षण लगायतका विषयमा विवाद र प्रश्न उठ्दै आएको उल्लेख गरिएको छ । २०८२ चैत १२ गते बोलाइएको साधारणसभा पटक पटक स्थगित हुँदै अन्तिम पटक भएको बन्द सत्रमा समेत छलफल हुँदा बारको हरहिसाब चुस्त दुरुस्त नदेखिएको उनीहरुको आरोप छ ।

पछिल्लो पटक २०८३ जेठ २ढ गते साधारण सभाबाटै पूर्वअध्यक्ष अधिवक्ता रामकुमार यादवको संयोजकत्वमा गठित पाँच सदस्यीय छानबिन समितिले कोषाध्यक्षको प्रतिवेदन उपर जाँच गर्दा हरहिसाबमा व्यापक अनियमितता देखिएको र आवश्यक कागजातहरु र बैंक स्टेटमेन्ट माग गर्दा सो समेत देखाउन बारका पदाधिकारीले आनाकानी गर्दा संयोजक अधिवक्ता यादवले उक्त समितिबाट राजिनामा दिनु परेको जारि विज्ञप्तिमा उल्लेख छ ।

विज्ञप्तिमा लेखापढी व्यवसायीको प्रमाणपत्रका लागि आवेदन दिएका परीक्षार्थीबाट शुल्क उठाइएको भए पनि सो रकमको सम्पूर्ण हिसाब नदेखाइएको दाबी गरिएको छ । साथै, बैंक मौज्दात, भुक्तानी तथा विभिन्न खर्चका कागजातबारे समेत प्रश्न उठाइएको छ ।

पूर्वअध्यक्षहरूले बार इकाइको आर्थिक कारोबारको स्वतन्त्र छानबिन तथा आवश्यक कागजात सार्वजनिक गरी सत्यतथ्य बाहिर ल्याउन माग गरेका छन् ।

# लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३ तत्काल खारेज गर्न माग

**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

नेपाल पत्रकार महासंघले विज्ञापन वोर्डले लोककल्याणकारी विज्ञापन सम्बन्धमा जारी सूचना आंशिक रुपमा स्वागतयोग्य रहे पनि माग पूर्ण रुपमा सम्बोधन नगरिएकोमा महासंघको आपत्ति रहेको जनाएको छ ।

महासंघका महासचिव रामप्रसाद दाहालले शुक्रबार एक विज्ञप्ति जारि गर्दै सरकारले लोककल्याणकारी विज्ञापन छापे बापत पत्रपत्रिकालाई २०८३ असोज महिनासम्म साबिककै दररेट भुक्तान गर्ने भनी गरेको निर्णयप्रति नेपाल पत्रकार महासंघको ध्यानाकर्षण भएको जनाइएको छ ।

विज्ञापन वोर्डले यस सम्बन्धमा जारी गरेको सूचना आंशिक रुपमा स्वागतयोग्य भए पनि माग पूर्ण रुपमा सम्बोधन नगरिएकोमा महासंघ आपत्ति प्रकट गर्दछ ।

जारि विज्ञप्तिमा कुनै वैज्ञानिक आधार र कारण बिना सरोकारवाला पक्षसँग सामान्य परामर्शसमेत नगरी छापामाध्यमलाई धरासायी गर्ने मनसाय प्रेरित स्वेच्छाचारी निर्णयमार्फत निर्माण गरिएको छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३ तत्काल खारेज गरी सरोकारवाला पक्षको सहमतिमा मात्र नयाँ व्यवस्था लागू गर्न महासंघ पुनः जोडदार माग गरेको उल्लेख छ ।

साथै प्रेस काउन्सिल नेपालले राष्ट्रिय, प्रदेश र

*बाँकी अन्तिम पृष्ठमा*

# सन्तानको दीर्घायु तथा परिवारको सुख-समृद्धिको कामना गर्दै जितिया पर्व सुरु



**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

सन्तानको दीर्घायु तथा परिवारको सुख-समृद्धिको कामना गर्दै मधेशमा मनाइने जितिया पर्वको अवसरमा राजविराज नगरपालिका ११ स्थित पोखरी तथा घाटमा सरसफाइ तथा व्यवस्थापन गरिएको छ ।

आशिया पार्टी प्यालेसले व्रतालु महिलालाई सहज वातावरणमा पूजा तथा स्नान गर्ने व्यवस्था मिलाउने उद्देश्यले पोखरी सरसफाइ, घेराबेरा तथा लुगा फेर्ने स्थानको व्यवस्था गरेको हो ।

*बाँकी अन्तिम पृष्ठमा*

# लागुऔषध गाजासहित तीन जना पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, १६ असोज ।**

सप्तरी प्रहरीले जिल्लाको सप्तकोशी नगरपालिका २ कञ्चनपुर-फत्तेपुर सडक खण्डबाट लागुऔषध गाजासहित तीन जनालाई पक्राउ गरेको छ ।

जिल्लाको कञ्चनरुप नगरपालिका ८ का २८ बर्षिय शिवनारायण यादव, महादेवा गाउँपालिका ३ का २३ बर्षीय ललित कुमार यादव र सप्तकोशी नगरपालिका १० का ४८ बर्षिय उपेन्द्र यादवलाई ९ किलो २ सय ७५ ग्राम प्रतिबन्धित लागूऔषध गाँजासहित प्रहरीले पक्राउ गरेको हो ।

विशेष सूचनाका आधारमा सशस्त्र प्रहरी बल, नेपाल सुरक्षा वेश क्याम्प फत्तेपुर, प्रहरी चौकी फत्तेपुर र अस्थायी

*बाँकी अन्तिम पृष्ठमा*

## विज्ञापन बोर्डमा सूचीकृत हुनुभयो त?

- विज्ञापन कारोवार गर्ने संचारमाध्यम तथा विज्ञापन एजेन्सीहरु प्रचलित कानूनवमोजिम विज्ञापन वोर्डमा सूचीकरण तथा नवीकरण हुनुपर्छ,
- विज्ञापनसम्वन्धी कारोवारलाई व्यवस्थित, पारदर्शी र मर्यादित वनाउन सूचीकरण तथा नवीकरण हुने व्यवस्थाको अनिवार्य पालना गरौं,
- विज्ञापन सामग्री उत्पादन, प्रकाशन, प्रसारण तथा वितरण गर्दा प्रचलित कानूनको पालना गरौं,
- भ्रमपूर्ण, अतिरञ्जित तथा उपभोक्ता हित विपरितका विज्ञापन नगरौं/नगराऔं,
- व्यवस्थित विज्ञापन वजार निर्माणमा विज्ञापनदाता, सञ्चारमाध्यम र विज्ञापन व्यवसायी लगायत सवै जिम्मेवार वनौं ।

विज्ञापन वजारलाई व्यवस्थित र मर्यादित वनाउन सवैले हातेमालो गरौं ।

नेपाल सरकार
विज्ञापन वोर्ड

## सम्पादकीय

### ध्वनी प्रदुषण अझ नियन्त्रण भएन

ध्वनी प्रदुषणका कारण हृदयका रोगीहरुलाई निकै असर पुग्ने गरेको छ । धार्मिक कार्यक्रम, बैवाहिक कार्यक्रम वा कुनै उत्सव होस् वा प्रवचनको नाममा ध्वनी प्रदुषण बढेको हो । धार्मिक कार्यक्रमहरुमा राती अबेरसम्म र एका बिहानैदेखी ठूला ठूला स्वरमा लाउडस्पिकर बजाएर धार्मिक गित तथा प्रवचन बजाइने गरिन्छ । सार्वजनिक रुपमा ध्वनी प्रदुषणको बिरोध भइरहँदा समेत ध्वनी प्रदुषण झनै बढीरहेको छ । जसले गर्दा सामान्य जनजिवन प्रभावित बन्दै गएको छ ।

यस्तै कुनै सार्वजनिक कार्यक्रम भइरहँदा त्यहा पनि ठूलो स्वरमा डिजे बजाइने गरिन्छ । ध्वनी प्रदुषणले व्यक्तिको मानसिक तनाब बढाउनुका साथै मुटुरा रोगी, बालबालिकालाई बढी जोखिम हुने गरेको छ । एक दशकअघि जिल्ला प्रशासन कार्यालयसहित बिभिन्न सरकारी निकायको नाममा अदालतले ध्वनी प्रदुषण रोक्न निर्देशनरुपी फैसला सुनाएको थियो । तर त्यो फैसलाको कार्यान्वयन पक्ष अत्यन्त फितलो रहेकोले हाल ध्वनी प्रदुषण झनै बढेको छ । यसरी अदालतको फैसला कार्यान्वयन नहुनु आफैमा दुःखद पक्ष हो । अदालतको फैसला कार्यान्वयन गर्न प्रहरी, प्रशासन सहितका निकायहरु अगाडी बढेको देखिन्न् । विगतमा प्रहरीले डिजे साउण्डमा रोक लगाएपनि हाल मुख्य चौकहरुमा ठूलो आवाजमा साउण्ड घन्काउने काममा रोक लाग्न सकेको छैन् ।

तसर्थ यस्ता कार्यलाई रोक्न सरोकारवाला सबै निकायका साथै स्थानीयवासी समेतले गम्भिरतापूर्वक चासो देखाउनु आवश्यक छ ।

### बाढी/पहिरोबाट सतर्क रहौं ।

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं ।
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**

# बाढीको पूर्वसूचना दिने परम्परागत शैली बदल्नुपर्ने सुझाव

काठमाडौं, १६ असोज (रासस) । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख डा धर्मराज उप्रेतीले हिमाली क्षेत्रमा पछिल्लो समय देखिएका असामान्य र अत्यन्त विनाशकारी विपद्का लागि सामान्य पूर्वसूचना पर्याप्त नहुने बताउनुभएको छ ।

यहाँ बिहीबार आयोजित ‘परिवर्तनशील हिमालयमा जल सुरक्षाः विपत् उत्थानशीलता र आर्थिक वृद्धि तथा खाद्य सुरक्षाका लागि रूपान्तरण’ विषयक उच्चस्तरीय संवादमा कार्यकारी प्रमुख डा उप्रेतीले सो कुरा बताउनुभएको हो । उहाँले हालै भोटेकोशी-त्रिशूली नदीमा आएको बाढीका क्रममा भएको मानवीय क्षतिको कारण ‘बाढी नदीमै सीमित हुन्छ र आफ्नो घरसम्म आइपुग्दैन’ भन्ने आम बुझाइ पनि एउटा कारण रहेको उल्लेख गर्नुभयो ।

“भोटेकोशी-त्रिशूलीमा आएको बाढी यति धेरै विनाशकारी हुन्छ भन्ने सर्वसाधारणले अपेक्षा गरेका थिएनन्,” कार्यकारी प्रमुख डा उप्रेतीले भन्नुभयो, “बाढीको दृश्य सामाजिक सञ्जालमा कैद गर्ने प्रयास गर्दासमेत केही व्यक्तिको ज्यान गएको देखिन्छ ।”

गत भदौ १० गते रसुवाको भोटेकोशी-त्रिशूली करिडोरमा गएको बाढीले ठूलो मानवीय तथा भौतिक क्षति पु¥याएको थियो । बाढीले सडक, पुल, जलविद्युत् संरचना र बस्तीमा समेत क्षति पु¥याएको थियो । कार्यकारी प्रमुख डा उप्रेतीले हिमाली क्षेत्रमा देखिएको पछिल्लो प्रकृतिको विपद्लाई ‘हिमाली सुनामी’को संज्ञा दिँदै वैज्ञानिक सूचना र तथ्यलाई समुदाय तथा सम्बन्धित निकायले तत्काल निर्णय र उद्धारमा प्रयोग गर्न सक्ने गरी रूपान्तरण गर्नुपर्नेमा जोड दिनुभयो ।

“विपद्का बेला विज्ञानलाई कार्ययोग्य बनाउनुपर्छ,” उहाँले भन्नुभयो । पूर्वसूचना प्रणालीले खतरा आउँदैछ भन्ने जानकारी मात्र नभई जोखिमको गम्भीरता बुझाएर मानिसलाई समयमै सुरक्षित स्थानमा पुग्न र सम्बन्धित निकायलाई तत्काल कदम चाल्न सक्षम बनाउनुपर्ने कार्यकारी प्रमुख डा उप्रेतीको भनाइ छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय, नेपालस्थित संयुक्त अरब इमिरेट्सको दूतावास र अन्तर्राष्ट्रिय जल व्यवस्थापन संस्था (आईडब्लूएमआई)ले संयुक्त रूपमा आयोजना गरेको संवादमा पानीसँग जोडिएका बढ्दो जलवायु तथा विपत् जोखिमबारे छलफल गरिएको थियो ।

संवादमा आफ्नो धारणा राख्दै आईडब्लूएमआईका महानिर्देशक डा मार्क स्मिथले पानी खाद्य सुरक्षा, ऊर्जा सुरक्षा, जनस्वास्थ्य, पारिस्थितिक प्रणाली र आर्थिक विकाससँग प्रत्यक्ष जोडिएको बताउनुभयो । नेपालको उत्थानशीलता र दिगो विकासको भविष्य पानी व्यवस्थापन गर्ने तरिकामा निर्भर रहने उहाँको भनाइ थियो ।

“अब टुक्राटुक्रामा गरिने दृष्टिकोणबाट अघि बढेर एकीकृत, समावेशी र लक्ष्यकेन्द्रित पानी योजना, निर्णय र लगानीतर्फ जानुपर्छ,” डा स्मिथले भन्नुभयो । नीति, योजना र लगानी वैज्ञानिक प्रमाणमा आधारित हुनुपर्नेमा जोड दिँदै उहाँले विज्ञान, नीति, लगानी र स्थानीय तहबीचको सम्बन्ध बलियो बनाउन सके पानीजन्य जोखिम घटाउँदै समुदायको सुरक्षा र समावेशी विकासलाई अघि बढाउन सकिने बताउनुभयो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सहसचिव सुशीलचन्द्र अमात्यले नेपालले वित्तीय स्रोत, संस्थागत तथा प्राविधिक क्षमता, आधुनिक प्रविधिमा पहुँच र दिगो निर्णय सहयोग प्रणालीको क्षेत्रमा अझै चुनौती सामना गरिरहेको बताउनुभयो । उहाँले परियोजनामुखी सोचबाट माथि उठेर परियोजनामार्फत विकास भएका प्रविधि, प्राविधिक सीप र संस्थागत ज्ञानलाई सरकारी प्रणालीमै कायम राख्नुपर्नेमा जोड दिनुभयो ।

नेपालका लागि संयुक्त अरब इमिरेट्सका राजदूत अब्दुल्ला सइद मुबारक जर्वान अल शम्सीले हिमाली क्षेत्रका केही भूभाग ‘जल दिवालियापन’को अवस्थामा पुग्न लागेको वा पुगिसकेको चेतावनी दिनुभयो । बढ्दो जल संकट सम्बोधन गर्न सामान्य सुधारले मात्र नपुग्ने भन्दै उहाँले ‘वास्तविक पुनर्संरचना’ आवश्यक रहेको बताउनुभयो । हिमनदी पग्लने क्रम, अनियमित मनसुन र हिमनदी विस्फोटका घटना अब भविष्यका सम्भावित जोखिम नभई नेपालको वर्तमान वास्तविकता बनिसकेको उहाँको भनाई थियो ।

आईडब्लूएमआई नेपालकी राष्ट्रिय प्रतिनिधि डा मनोहरा खड्काले विपद्का बेला सङ्घ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेको बताउनुभयो । “कठिन समयमा तीन तहका सरकार र सम्बन्धित सबै संस्थाबीचको सहकार्य अत्यन्त महत्वपूर्ण हुन्छ,” उहाँले भन्नुभयो ।

संवादमा बदलिँदो जल जोखिमले पानी सुरक्षा, कृषि-खाद्य प्रणाली, स्थानीय जीविकोपार्जन र अर्थतन्त्रमा पार्ने प्रभावबारे छलफल गरिएको थियो । सहभागीहरूले नीति, ज्ञान, संस्थागत क्षमता र शासन प्रणालीमा रहेका कमजोरी पहिचान गर्दै जलवायु तथा विपत् उत्थानशीलता बढाउन आवश्यक प्राथमिकताबारे समेत छलफल गर्नुभएको थियो ।

# सरकारी संरचना अनिवार्य बिमा गर्नुपर्ने

काठमाडौं, १६ असोज (रासस) । सांसदहरूले जलवायु प्रकोपको कारणले नेपालमा पटक-पटक ठूलो क्षति पुर्याएको भन्दै सरकारी संरचनाहरूको अनिवार्य बिमा गर्न माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकको विशेष समयमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद दीपकराज बोहराले विभिन्न समयमा आएको बाढीपहिरोलगायत विपद्का घटनाको कारणले ठूलो सङ्ख्यामा मानवीय भौतिक संरचनामा क्षति भएको उल्लेख गर्दै सरकारी संरचनाको अनिवार्य बिमा गर्न माग गर्नुभयो । उहाँले खोज, उद्धार, राहत र पुनःनिर्माणमा ठूलो बजेट लाग्ने भएकाले सो कार्यलाई अनिवार्य गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

“सरकारी संरचनाको अझैसम्म पनि बिमा हुन नसकेको देखियो”, उहाँले भन्नुभयो, “जुनसुकै विपद्पछि पुनःनिर्माणको लागि ठूलो रकम लाग्ने भएकाले ती संरचनाको अनिवार्य बिमा गर्ने वातावरण गराउन जरुरी छ”, उहाँले भन्नुभयो ।

नेपाली कांग्रेसका सांसद नरेन्द्रकुमार केरुङले यस अघिको सरकारले ६५७ वटा आधारभूत अस्पताल निर्माण गर्ने घोषणा गरेअनुसारको अस्पताल निर्माण हुन नसकेको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद पद्मकुमारी अर्यालले स्याङ्जाको आँधिखोला जलविद्युत्को डीपीआर तयार भएर स्वीकृत भए पनि अहिलेको सरकारको सो परियोजना खारेज गर्न खोजिएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले सो जलविद्युत् आयोजनालाई शीघ्र अघि बढाउनका लागि सरकारसँग अनुरोध गर्नुभयो ।

एमालेकै सांसद निता घतानीले विगतको ३५ वर्षमा केही नभएको भनेर गलत भाष्य निर्माण गर्न खोजिएको भन्दै सरकारको गम्भीर ध्यानाकर्षण गराउनुभएको छ ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का सांसद गोपाल शर्माले सरकारले स्वदेशमा केही गरौँ भन्ने युवालाई स्वदेशमा नै रोजगारी सिर्जना गर्नुको सट्टा निरुत्साहित गर्दै आएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

श्रम संस्कृति पार्टीका सांसद आरेन राईले खोटाङलाई पूर्वको कर्णालीको रूपमा चित्रित गर्दै जिल्लाको १० वटै पालिकामा बर्खाको कारणले भत्किएको बाटो पुनःनिर्माणको लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद भरत गिरीले पछिल्लो समय राज्यप्रति नागरिकको विश्वास कमी भएको बताउँदै राज्य नागरिकको दायित्व पूरा गर्ने विषयबाट टाढा जान नसक्ने विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले ऊर्जा सङ्कटको विषयमा सरकारले गम्भीर भएर लाग्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले केही समय अघि काठमाडौं वरपरको अव्यवस्थित वस्ती व्यवस्थित गराउन सरकारले चालेको कदम प्रभावकारी भएको बताउनुभयो ।

नेपाली कांग्रेसका सांसद सन्दीप रानाले यही असोज ८ देखि ११ गते आएको बाढीपहिरोले कालीगण्डकीको तटीय क्षेत्रमा सडक र पुललगायत संरचनामा ठूलो क्षति पुर्याएकाले तत्कालै सडक र पुललगायत संरचना पुनःनिर्माण गर्नका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

एमालेका सांसद राजेन्द्रकुमार राईले चाडपर्व आउन थाले पनि धनकुटाको जनतामा खुसीयाली नभएको बताउँदै भोटेकोशीमा गएको बाढी प्रभावितको अहिलेसम्म जानकारी नपाउँदा परिवारका सदस्यहरू मर्माहित भएको बताउनुभयो ।

श्रम संस्कृति पार्टीका सांसद राधिका रस्तेलले नेपाल टेलिभिजनबाट क्रिश्चियन धर्मसम्बन्धी कार्यक्रम बन्द गरिएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

रास्वपाका सांसद भरतराज पराजुलीले नेपाल विद्युत् प्राधिकरणको पुनःसंरचना गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । रास्वपाका सांसद वशुमाया तामाङले नेपाल वायु सेवा निगमको जहाज विदेशीमुलुकमा अलपत्र भएर यात्रुले गुणस्तरीय सेवा नपाएको विषयमा सरकारलाई ध्यानाकर्षण गराउनुभयो । रास्वपाकै सांसद पारसमणि गेलालले आरोप-प्रत्यारोप र दोषारोपणमा समय खर्चिनु उपयुक्त नभएको बताउनुभयो ।

रास्वपाका सांसद कुसुम महर्जनले निजी अस्पतालका बेड, क्यानिन र शैयाको शुल्क निर्धारण गर्नका लागि सरकारसँग माग गर्नुभयो । रास्वपाका सांसद नरेन्द्रकुमार गुप्ताले अर्बौं लगानीमा स्थापना भएका निजी उद्योग धरासायी हुने अवस्थामा पुगेकाले सरकारले ति उद्योगलाई प्रोत्साहन गर्ने नीति अङ्गीकार गर्नुपर्ने बताउनुभयो ।

एमालेका सांसद कृपाराम रानाले ३५ वर्षे अवधिमा केही नभएको भाष्य निर्माण गर्न खोज सो अवधिमा आर्थिक, राजनीतिक र सामाजिक क्षेत्रमा धेरै खालका सुधारका काम भएको बताउनुभयो । रास्वपाका सांसद पुकार बमले

बाँकी तीन पृष्ठमा

# सन्तानप्रति समर्पित तराई-मधेसमा जितिया व्रत सुरू

सप्तरी, १६ असोज (रासस) ।

जितिया पावनी बड भारी
धिया पुताक ठोकी सुताबै
अपना खायब भरि थारी ॥

हाम्रो देशमा बसोबास गर्ने विभिन्न जातजाति समुदायले विभिन्न चाडपर्व रीतिरिवाज र संस्कृति मनाउँदै आएका छन् । चाडपर्व र संस्कृतिले हामीलाई विश्वमा चिनाएको छ । मधेसको संस्कृति चाडपर्व, रीतिरिवाजको पनि छुट्टै महत्त्व र विशेषता रहेको छ । तराई-मधेसमा मनाइने चाडपर्वमध्ये जितिया एक हो । यो व्रत सन्तान प्राप्ति तथा सन्तानको दीर्घायु र सुस्वास्थ्य र सन्तानप्रतिको ममतासँग जोडिएको कठोर व्रत हो । यो व्रत परापूर्वकालदेखि तराई मधेसका महिलाले गर्दै आएका छन् । यो व्रत थारु समुदायले पनि उत्तिकै महत्त्वका साथ गर्दै आइरहेका छन् ।

यस वर्ष शुक्रबार षष्टि तिथिदेखि तराई-मधेस महिलाले यो व्रत विधिवत् सुरू गरेका छन् । शुक्रबार पोखरी वा तलाउमा गएर नुहाएर विधिवत् व्रतको प्रक्रिया सुरू गर्ने र शनिबार सप्तमा तिथिको दिन निराधार पानी पनि नखाई व्रत बस्ने छन् ।

**व्रतको विधि**

यस व्रतको अघिल्लो दिन महिला बिहानै उठेर घर आँगन लिपपोत गरेर चोखो पार्छन् । पिना,तेल,घिरौलाको पात,जियलको पात, बाँसको पात, नयाँ लुगा बोकेर महिला समूहमा पोखरी, नदि वा जलाशय गएर र पिनाले नुहाउँछन् । नयाँ लुगा लगाएर पितृ तथा 'जिमुतवाहन' देवतालाई पिना, तेल चढाउने गर्छन् ।

व्रतको पहिलो दिन अष्टमीको तिथिको दिन व्रतालु महिलाले नदी, पोखरी वा तलाउमा स्नान गरी सूर्य देवतालाई तोरीको तेल र पिनाको अर्घ दिएर व्रतको सङ्कल्प लिन्छन् । व्रतालुले दिवङ्गत हजुरआमा सासूआमालगायत तीन पुस्ताभित्रको नाता पर्ने पितृ महिलालाई तर्पण दिने चलन छ । यस व्रतलाई षोडष मातृका श्राद्ध पनि भन्ने गरेको राजविराज नगरपालिका-२ का ७५ वर्षीया शम्भु मिश्रले बताउनुभयो ।

व्रतको अघिल्लो दिन बेलुका व्रतालु महिलाले विभिन्न प्रकारका खाना, दही, मिठाइ, माछा, कोदोको रोटी अनिवार्य रूपमा खाने चलन छ । भोलिपल्ट बिहान ३:०० देखि ४:०० बजे व्रतालुले आँगनमा घिरौलाको पातमा पितृ तथा जिमुतवाहनलाई दही, चिउरा,चिनी, केरा, मिठाइ, पान, सुपारी चढाउने गर्छन् ।

व्रत लिएको दिन बेलुकी जतिजना छोरा छन्, त्यति वटा नरिवल, फलफूललगायत पूजाका सामग्री राखेर डाली भर्छन् । डालीलाई छोराले मानको पातले छोपिदिन्छ । व्रतको समय सकेपछि घरमा भएको छोरा, नातिले डाली खोल्ने गर्छन् । डालीबाट प्रसाद झिकेर पुनः पितृ र जिमुतवाहनलाई चढाई सबैलाई बाँडेर दिएपछि व्रतालु महिलाले पानी पिउने र अन्य खानेकुरा खाने चलन छ ।

व्रत लिइसकेपछि व्रतालुको स्वास्थ्यमा जतिसुकै ठूलो समस्या आए पनि व्रत तोड्दैनन् । स्वास्थ्यमा समस्या रहेको बिरामीबाहेक छोरा भएका सबै आमाले छोराको दीर्घायु र सुस्वास्थ्यका लागि अनिवार्य व्रत लिँदै आएका छन् ।

सन्तान जन्मिनुअघि व्रत सुरु गरेकी गर्भवती भएपछि पनि व्रत बस्नैपर्ने हुन्छ । यस्तो भएपछि २४ घण्टा होस् वा ३६ घण्टा, व्रत बस्दा कुनै जटिल समस्या आइपर्ला कि भन्ने डर व्रतालुमा रहन्छ । व्रत बसेन भने सन्तानलाई केही भइदेला कि भन्ने डर पनि उत्तिकै रहन्छ । पानी नखाई व्रत बस्न समस्या भएपछि स्लाइन पानी चढाएर पनि व्रत बस्नुपर्ने बाध्यता रहेको छ ।

यो व्रतमा डाली छोप्ने वा खोल्ने काम छोरा, नाति, श्रीमान्ले गर्ने, उनीहरू नभएका बेला छोरी, नातिनी घरमा भए पनि नातेदार वा छिमेकीको छोरा मान्छेलाई बोलाएर भएपनि डाली खोल्न लगाउने तर छोरी, नातिनीलाई अधिकांश परिवारमा खोल्न लगाइँदैन ।

यस व्रतले आपसी सद्भाव कायम गर्नुका साथै मनोरञ्जन पनि प्रदान गरेको छ । महिलाले आफूभित्र भएको क्षमता प्रस्तुत गर्ने अवसर पनि पाउन थालेका छन् । आफन्त, साथी र छिमेकी मिलेर जितियाको सामूहिक दर खाने चलन सुरु भएको छ ।

वर्ष दिनदेखि भेटघाट हुन नसकेका साथीसङ्गी, आफन्त एक आपसमा भेटघाट गरेर शुभकामना आदानप्रदान गर्ने, सामूहिक रूपमा मीठो मसिनो खाने प्रचलन बढेपछि एक अर्काबीच सम्बन्ध सुमधुर बनाउन सहयोग मिलेको छ ।

जितियासम्बन्धी गीत, कथालगायत महिलामा भएको प्रतिभा प्रस्तुत गर्ने अवसर सामूहिक कार्यक्रममा जुट्न थालेको छ । कम खर्चमा हुने धार्मिक दृष्टिले एकदमै महत्त्व बोकेको व्रतका रूपमा पनि यसलाई लिन सकिन्छ । जियल, बाँसर घिरौँलाका पात अनिवार्य चढाइने हुनाले प्रकृति र पर्यावरण रक्षा गर्नुपर्छ भन्ने सन्देशसमेत यस व्रतले दिँदै आएको छ ।

सोह्रश्राद्ध सुरु भएकै अवधिमा यो व्रत गर्नुपर्ने चलन रहेकाले यस व्रतमा छोरी, बुहारी सबैले पितृलाई सम्मान गरेको पाइन्छ । छोराले मात्र सोह्रश्राद्धमा पितृको श्राद्ध गर्ने प्रचलनमा सकारात्मक परिवर्तन गर्दै कतैकतै छोरीले सुरु गरे पनि यो व्रतमा त सदियौँदेखि महिलाले पनि पितृलाई पानी दिने, प्रसादी चढाउने परम्पराले पितृप्रति महिलालाई सुरुदेखि नै जिम्मेवार बनाएको छ । यस्ता पक्षलाई यो व्रतको एकदमै सकारात्मक रूपमा महिलाले लिएका छन् ।

***सरकारी संरचना ...***

गैरआवासीय नेपालीलाई पैसा र भोट बैंकको लागि मात्रै हेर्न नहुने बताउँदै विभिन्न क्षेत्रमा रहेका लब्ध प्रतिष्ठित व्यक्तिहरूलाई पनि नेपाल ल्याउने वातावरण मिलाउनुपर्ने बताउनुभयो ।

रास्वपाका सांसद सीताराम साह सप्तरीका विभिन्न ठाउँमा सरकारी धान खरिद केन्द्र स्थापना गर्नका लागि सरकारसँग माग गर्नुभयो । एमालेका सांसद गुरुप्रसाद बरालले बाढीले क्षतिग्रस्त भएका संरचनाको निर्माणको लागि पुनःनिर्माण प्राधिकरणको आवश्यकता औँल्याउनुभयो ।

रास्वपाका सांसद धर्मराज केसीले दसैंमा लाखौं नागरिक आआफ्नो घरमा फर्किने भएकाले सुरक्षित वातावरणमा फर्किने वातावरण मिलाउन सरकारसँग अनुरोध गर्नुभयो ।

# प्रतिनिधिसभाबाट सात विधेयक दफाबार छलफलका लागि समितिमा पठाइयो

काठमाडौँ, १६ असोज (रासस) ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकबाट विभिन्न सात विधेयक सम्बन्धित समितिमा दफाबार छलफलका लागि पठाइयोस् भन्ने प्रस्ताव पारित भएको छ ।

बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले 'केही नेपाल ऐनको व्यवस्था जगाउने विधेयक, २०८३' र 'राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय विधेयक, २०८३' लाई दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले 'फोहरमैला व्यवस्थापन विधेयक, २०८३' लाई दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव गर्नुभयो । महिला, बालबालिका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले 'महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षासम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८३' लाई दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भन्ने प्रस्ताव गर्नुभयो ।

स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले 'आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०८३', 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार (पहिलो संशोधन) विधेयक, २०८३', स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३' र 'रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक, २०८३' लाई दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गौतमले 'राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आठौँ वार्षिक प्रतिवेदन, २०८३' पेस गर्नुभयो । बैठकमा सभामा प्रस्तुत हुन नसकेका मौखिक र लिखित प्रश्नका उत्तर सम्बन्धित मन्त्रीले टेबुल गर्नुभयो ।

बैठकमा सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभा नियमावली, २०८३ अनुसार विविध कारणले १० वा सोभन्दा बढी बैठकमा अनुपस्थित सांसदहरूबाट प्राप्त अनुपस्थितिको सूचनासभाको स्वीकृतिका लागि पेस गर्नुभयो । बैठकको अन्त्यमा चालु अधिवेशनमा भए/गरेका कामबारे सभामुख अर्यालले विवरण प्रस्तुत गर्नुभयो ।


लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थ देखि टाढा रहौं ।

**अनुरोधकर्ता**

**तिरहुत गाउँपालिका सप्तरी, मधेश प्रदेश**


## विश्व समाचार

### मतदाता सूची विवादमा कक्रोच आन्दोलन

नयाँदिल्ली, १६ असोज (रासस/एपी) ।

भारतको 'कक्रोच' युवा आन्दोलनले विवादास्पद मतदाता सूची संशोधनको विरोध गर्दै मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारको राजीनामा मागेर शुक्रबार मुम्बईमा प्रदर्शन गर्ने भएको छ । आन्दोलनले निर्वाचन प्रक्रिया, सरकारी जवाफदेहिता र लोकतान्त्रिक संस्थासम्बन्धी विषयलाई समेत आफ्नो अभियानमा समेट्दै आएको छ । अनलाइन अभियानका रूपमा सुरु भएको उक्त आन्दोलन यसअघि युवा बेरोजगारी र परीक्षाका प्रश्नपत्र चुहावटको विरोधमा व्यापक प्रदर्शन गरेको थियो । त्यसपछि शिक्षामन्त्रीले राजीनामा दिनुभएको थियो । यसैबीच, विद्यार्थी तथा नागरिक समाजका समूहले पनि समान मागसहित नयाँदिल्लीको जन्तर मन्तरमा प्रदर्शन गर्ने भएका छन् ।मतदाता सूचीको 'विशेष गहन संशोधन' लाई लिएर निर्वाचन आयोगमाथि दबाब बढेको छ । आलोचक तथा विपक्षी दलहरूले प्रधानमन्त्री नरेन्द्र मोदी नेतृत्वको भारतीय जनता पार्टीलाई फाइदा पुग्ने गरी मतदाता सूचीमा परिवर्तन गरिएको आरोप लगाएका छन् । निर्वाचन आयोग र सरकारले भने कुनै गलत काम नभएको बताएका छन् । गत महिना 'इन्डियन एक्सप्रेस' ले तीन सदस्यीय निर्वाचन आयोगका दुई आयुक्तले मतदाता सूची संशोधन, दर्ता प्रक्रिया र डिजिटल प्रणालीसम्बन्धी केही निर्णयमा आपत्ति जनाएको उल्लेख गरेको थियो । आयोगले भने त्यसलाई औपचारिक लिखित आपत्ति नभई आयुक्तहरूबीचको 'भिन्न विचार र छलफल' का रूपमा व्याख्या गरेको थियो । बिहारबाट सुरु भएको मतदाता सूची संशोधन अधिकांश राज्य तथा सङ्घीय प्रशासित क्षेत्रमा विस्तार भएको छ । आलोचकहरूले आवश्यक कागजात जुटाउन कठिन भएकाले लाखौं योग्य मतदाता सूचीबाट छुट्न सक्ने बताएका छन् । निर्वाचन आयोगले भने दोहोरो तथा अयोग्य नाम हटाई योग्य मतदातालाई सूचीमा कायम राख्नु संशोधनको उद्देश्य रहेको बताएको छ । अभिजीत डिप्केको नेतृत्वमा प्रश्नपत्र चुहावटविरुद्धको आन्दोलनबाट राष्ट्रियस्तरमा चर्चामा आएको कक्रोच आन्दोलनले अहिले शिक्षा क्षेत्रभन्दा बाहिर निर्वाचन प्रक्रिया र लोकतान्त्रिक संस्थासम्बन्धी विषयलाई समेत अभियानमा समेटेको छ ।

### दुबई उडान घटनामा इरान जोडिए कडा कारबाही गर्ने ट्रम्पको चेतावनी

वासिङटन, १६ असोज (रासस/एएफपी) ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले दुबईबाट तेल अभिभका लागि उडेको फ्लाईदुबईको विमानमा पाइलटमाथि भएको आक्रमणमा इरान संलग्न भएको पुष्टि भए इरानले 'धेरै कडा' परिणाम भोग्नुपर्ने चेतावनी दिनुभएको छ । ह्वाइट हाउसमा पत्रकारहरूसँग कुरा गर्दै उहाँले घटनामा इरानको संलग्नताबारे अनुसन्धान भइरहेको बताउँदै जिम्मेवार पाइएमा 'उनीहरूलाई धेरै कडा चोट लाग्नेछ' भन्नुभयो । विमानमा सह-पाइलटले कप्तानमाथि छुरा प्रहार गरेपछि विमानको नियन्त्रणका लागि सङ्घर्ष भएको थियो । साउदी अरेबियामा आपत्कालीन अवतरण गरिएको विमानका यात्रुलाई पछि अर्को उडानमार्फत इजरायल पठाइएको थियो । साउदी अरेबियाको प्रारम्भिक अनुसन्धानले सह-पाइलटले कप्तानमाथि आक्रमण गरेको देखाएको जनाएको छ ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले सह-पाइलट इस्लामवादी कट्टरपन्थी विचारबाट प्रभावित भएको बताउँदै विमान दुर्घटना गराउने प्रयास गरेको आरोप लगाउनुभएको छ । युएईका प्रमुख अभियोजकले घटनामा आतङ्कवादी गतिविधि वा त्यस्तो उद्देश्य भए-नभएको अनुसन्धान भइरहेको बताएका छन् । नेतान्याहुले सह-पाइलट ओमानी नागरिक भएको र इजरायलसँग कूटनीतिक सम्बन्ध नभएका देशका नागरिकलाई इजरायल जाने उडानमा काम गर्न दिइएको विषयमा पनि जाँच हुने बताउनुभएको छ । भारतीय नागरिक क्याप्टेन स्मिट मच्छरमाथि आक्रमण भएपछि यात्रुहरूले सह-पाइलटलाई नियन्त्रणमा लिन सहयोग गरेका थिए । फ्लाइटराडार २४ का अनुसार विमान एक मिनेटमा करिब १७ हजार फिट तल झरेको थियो । घाइते क्याप्टेन मच्छरको स्वास्थ्य राम्रो रहेको भारतीय दूतावासले जनाएको छ । भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले उहाँको साहसको प्रशंसा गर्नुभएको छ । फ्लाईदुबईले आफ्ना अर्का ड्युटीमा रहेका चालकदलका सदस्यले विमानलाई सुरक्षित अवतरण गराएको जनाएको छ । अनुसन्धान जारी रहेकाले इजरायलका लागि उडान स्थगित गरिएको कम्पनीले जनाएको छ । यसैबीच, अमेरिकी सैन्य उपस्थिति मध्यपूर्वमा बढिरहेका बेला ट्रम्पको चेतावनी आएको हो । 'एक्सियोस' का अनुसार अमेरिकाले साउदी अरेबिया र कतारमा थप प्याट्रियट क्षेप्यास्त्र प्रणाली तैनाथ गरेको छ भने युएसएस थियोडोर रुजवेल्ट विमानवाहक पोतसहितको युद्धपोत समूह मध्यपूर्वतर्फ गइरहेको छ । इजरायली राष्ट्रपति आइज्याक हर्जोगले सह-पाइलटलाई नियन्त्रणमा लिन र विमान दुर्घटनाबाट जोगाउन सहयोग गर्ने पाँच इजरायली नागरिकलाई सम्मान गर्ने बताउनुभएको छ ।

### नोबेल शान्ति पुरस्कारका दाबेदारमा अन्तरिक्ष स्टेसन

स्टयाभेन्जर (नर्वे), १६ असोज (रासस/एपी) ।

यस वर्षको नोबेल शान्ति पुरस्कारका सम्भावित दाबेदारमा अन्तर्राष्ट्रिय अन्तरिक्ष स्टेसन, अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प, क्यानाडाका प्रधानमन्त्री मार्क कार्नीसहित सुडानका आपत्कालीन राहतकर्मी र युक्रेनका बालअधिकार अभियन्ताको नाम चर्चामा आएको छ । यस वर्ष पुरस्कारका लागि २८७ जना उम्मेदवार मनोनयनमा परेका छन् । नर्वेजियन नोबेल समितिले अक्टोबर ९ मा विजेताको घोषणा गर्नेछ । शान्ति अनुसन्धान संस्थान ओस्लोका निर्देशक हाकोन जेर्वोउले अन्तर्राष्ट्रिय सहकार्य कमजोर भइरहेका बेला अन्तरिक्ष स्टेसन विभिन्न देशबीचको सहकार्यको दुर्लभ प्रतीक रहेको बताउनुभएको छ । सम्भावित दावेदारको सूचीमा युक्रेनी बालअधिकार अभियन्ता माइकोला कुलेबा, सेभ द चिल्ड्रेन, सुडानको आपत्कालीन प्रतिक्रिया कक्ष तथा पत्रकारहरूको सुरक्षा गर्ने कमिटी टु प्रोटेक्ट जर्नलिस्ट्स पनि छन् । अन्तर्राष्ट्रिय न्याय अदालत र अन्तर्राष्ट्रिय फौजदारी अदालतको नाम पनि चर्चामा छ । यस वर्षको पुरस्कार सुडान, युक्रेन, यमन, इरान तथा मध्यपूर्वमा जारी युद्ध र द्वन्द्वको पृष्ठभूमिमा घोषणा हुँदैछ । सन् १९९७ की नोबेल शान्ति पुरस्कार विजेता जोडी विलियम्सले महिलालाई पुरस्कार दिनुपर्ने अपेक्षा व्यक्त गर्नुभएको छ । चर्चामा रहेका महिला दावेदारमा गाजाकी शल्यचिकित्सक सारा अल-सक्का र रुसी विपक्षी नेता एलेक्सी नाभाल्नीकी विधवा युलिया नाभाल्नायाको नाम छ । नोबेल पुरस्कार शृङ्खला सोमबार चिकित्साशास्त्रबाट सुरु हुनेछ भने शान्ति पुरस्कार शुक्रबार घोषणा गरिनेछ । यस वर्ष पुरस्कारको रकम एक करोड २० लाख स्विडिस क्रोनर रहेको छ ।

# टिपरले ठक्कर दिँदा एकको मृत्यु, पाँच जना घाइते

**दैनिक समाचारदाता**
**सिरहा, १६ असोज ।**
सिरहाको कर्जन्हामा यात्रुवाहक विद्युतीय गाडीलाई विपरीत दिशाबाट आइरहेको टिपरले ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन् ।

घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । पूर्वपश्चिम महेन्द्र राजमार्गअन्तर्गत कर्जन्हा नगरपालिका वडा नं ४ भुल्केमा पूर्वबाट पश्चिमतर्फ गइरहेको मप्र ०१-००१ ज ०१२४ नम्बरको विद्युतीय (इभी) गाडीलाई विपरीत दिशाबाट आइरहेको मप्र ०३-००२ ख ३९९६ टिपरले ठक्कर दिँदा विद्युतीय गाडीमा सवार गोलबाजार नगरपालिका-४ की ४५ वर्षीया शोभाकुमारी गम्भीर घाइते भएका थिए ।

उनको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी रमेशबहादुर पालले जानकारी दिए । घाइतेमध्ये गम्भीर अवस्थाका २२ वर्षीया प्रियंका यादवलाई थप उपचारका लागि हेलिकोप्टरमार्फत मेडिसिटी अस्पताल काठमाडौँ लगिएको जनाउँदै सूचना अधिकारी पालले अर्का घाइते गोलबजार-६ की ४५ वर्षीय ललिता महतोलाई थप उपचारका विराटनगर लगिएको बताए ।

ठक्कर दिने टिपरका चालक र टिपर प्रहरीको नियन्त्रणमा छन् । प्रहरीले घटनाबारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# विभिन्न स्वास्थ्य संस्थाका विकास समितिमा पदाधिकारी नियुक्त

काठमाडौँ, १६ असोज (रासस) ।
स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सिंहदरबार वैद्यखाना विकास समिति तथा विभिन्न अस्पताल विकास समितिमा अध्यक्ष तथा सदस्य नियुक्त गरेको छ ।

मन्त्रालयको निर्णयअनुसार सिंहदरबार वैद्यखाना विकास समितिको अध्यक्षमा मुनकर्ण थापा नियुक्त हुनुभएको छ । उहाँको नेतृत्वमा वैद्यखानाको संस्थागत व्यवस्थापन, आयुर्वेदिक औषधिको उत्पादन तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।

त्यस्तै, भेरी अस्पताल विकास समितिको अध्यक्षमा लक्ष्मण सिग्देल र डडेलधुरा अस्पताल विकास समितिको अध्यक्षमा त्रैलोक्यनाथ पाण्डे नियुक्त हुनुभएको छ । भरतपुर अस्पताल विकास समितिको अध्यक्षमा क्षितिज पौडेल तथा सदस्यमा नवराज तिमिल्सिना र अनिता खड्का नियुक्त हुनुभएको छ ।

यसैगरी, बाँकेको सुशील कोइराला प्रखर क्यान्सर अस्पताल विकास समितिको अध्यक्षमा भीमकान्त लामिछाने तथा सदस्यमा मधु न्यौपाने र सञ्जय पाण्डे नियुक्त हुनुभएको छ । नवनियुक्त अध्यक्ष तथा सदस्यहरूले शुक्रबार मन्त्री मेहतासमक्ष पद तथा गोपनीयताको शपथग्रहण गर्नुभएको छ ।

नवनियुक्त पदाधिकारीहरूले सम्बन्धित संस्था तथा अस्पतालको व्यवस्थापन, सेवा विस्तार र सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय तथा नागरिकमैत्री बनाउन आवश्यक भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ ।

### *लागुऔषध ...*

प्रहरी पोष्ट आम्वासी उदयपुरको संयुक्त टोलीले कंचनपुर-फत्तेपुर सडकखण्ड अन्तर्गत सप्तकोसी नगरपालिका २ पेट्रोल पम्प नजिकबाट प्र.२-०२-००८ प ७०४८ नम्बरको मोटरसाइकलसहित उनीहरुलाई बिहीबार नियन्त्रणमा लिएको जनाइएको छ ।

फत्तेपुरदेखि कंचनपुरतर्फ जाँदै गरेको उनीहरु तीनै जना सवार मोटरसाइकललाई चेकजाँच गर्दा गाँजा फेला परेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

पक्राउ परेका तीनैजनालाई इलाका प्रहरी कार्यालय कंचनपुरको नियन्त्रणमा राखी सप्तरी जिल्ला अदालत राजविराजबाट ७ दिनको म्याद लिई अनुसन्धान अगाडि बढाएको सप्तरीका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक हेमराज घिमिरेले जानकारी दिए ।

### *लोककल्याणकारी ...*

स्थानीय तहका पत्रपत्रिकाले छापेको लोककल्याणकारी विज्ञापनको रकम भुक्तानीमा पाँच सय रुपैयाँको मात्र अन्तर कायम गर्न तथा रकम दोब्बर बनाउन पटकपटक गरेको सिफारिस तत्काल कार्यान्वयन गर्न महासंघले विज्ञप्ति मार्फत माग गरेको छ ।

महासंघ सूचना तथा सञ्चार मन्त्रालयले वार्ता, सवाद र सहमतिका आधारमा माग सम्बोधन गर्नेमा आशावादी रहेको जनाउँदै विज्ञप्तिमा लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी ( पहिलो संशोधन) कार्यविधि, २०८३ तत्काल खारेज नगरिए महासंघको आन्दोलन थप सशक्त हुने जानकारी समेत गराइएको छ ।

### *सन्तानको ...*

प्यालेसका सञ्चालक अकबर हुसेनका अनुसार वर्षौंदेखि हजारौं महिला उक्त पोखरीमा स्नान गरी जितिया पर्वको पूजा गर्दै आएका छन् । पोखरी तथा आसपासको वातावरण प्रदूषित देखिएपछि सामाजिक सद्भाव र धार्मिक आस्थालाई ध्यानमा राख्दै आफ्नै पहलमा सरसफाइ तथा व्यवस्थापन गरिएको उनले बताए ।

सन्तानको दीर्घायु र परिवारको कल्याणको कामना गर्दै शुक्रबारदेखि जितिया पर्व विधिवत् रूपमा सुरु भएको छ । परापूर्वकालदेखि मनाइँदै आएको जितियाको पहिलो दिन ‘नहा-खा’ अर्थात् नुहाएर खाने विधिबाट पर्व प्रारम्भ भएको छ ।

व्रतालु महिलाले पोखरी तथा जलाशयमा स्नान गरी भगवान् जितवाहन र पितृलाई घिरौलाको पातमा च्यूरा, दही, तेल र पिना चढाउने परम्परा छ । पूजा सम्पन्न भएपछि अर्पण गरिएको प्रसाद आफन्तसँग बाँडेर खाने तथा घाटमा चढाइएको तेल टाउकोमा लगाउने चलन रहेको छ ।

पहिलो दिन पूजापछि माछ-मरुवा अर्थात् कोदोको रोटी, नोनीको साग र माछा खाने परम्परा पनि रहेको छ । दोस्रो दिन बिहान काग कराउनु अघि नै व्रती महिलाले ‘ओंगठन’ (च्यूरा-दही सेवन) गरेपछि निराहार तथा निर्जल उपवास सुरु गर्नेछन् ।

# निजामती विधेयकमा महिनावारी बिदासहितको नयाँ प्रस्ताव

काठमाडौँ, १६ असोज (रासस) ।
सङ्घीय निजामती सेवासम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकमा महिला कर्मचारीलाई महिनावारी बिदा दिनेसम्बन्धी नयाँ प्रावधान प्रस्ताव गरिएको छ ।

निजामती सेवामा रहेका कर्मचारीका लागि विभिन्न नयाँ प्रावधान प्रस्ताव गरिएको उक्त विधेयकमा बिहीबार सङ्घीय संसद्मा दर्ता भएको छ । विधेयकको १२५ नम्बर बुँदामा रहेको निजामती कर्मचारीले पाउने बिदामा महिनावारी/रजश्वला बिदा थप गरिएको छ ।

यसअघि निजामती कर्मचारीले आठ प्रकारका बिदा पाउँदै आएकामा उक्त प्रावधानको प्रस्तावसँगै बिदाको सङ्ख्या नौ पुर्‍याइएको छ । यसअघि महिला कर्मचारीका लागि यस्तो बिदाको व्यवस्था थिएन ।

हाल कार्यान्वयनमा रहेको निजामती ऐन, २०४९ मा रहेका प्रावधानमा भैपरी बिदा, घर बिदा, बिरामी बिदा, मातृत्व तथा प्रसूति बिदा, प्रसूति स्याहार बिदा, मृत्यु संस्कार बिदा, अध्ययन बिदा र आसाधरण बिदा दिइँदै आएको छ ।

त्यस्तै प्रस्तावित निजामती विधेयकमा समावेशी सिटको प्रतिशत समेत बढाएर प्रस्ताव गरिएको छ । हाल ४५ प्रतिशत सिट समावेशी समूहका लागि कार्यान्वयनमा रहेको छ ।

विधेयकको दफा ११ मा पदपूर्तिसम्बन्धी विशेष व्यवस्था खुला प्रतियोगिताबाट पूर्ति हुने पदमध्ये ४९ प्रतिशत पद समावेशी समूहका लागि छुट्याउने व्यवस्था छ । त्यसमा ४९ प्रतिशतलाई शतप्रतिशत मानेर ५० प्रतिशत पद महिलाबीच मात्र प्रतिस्पर्धा गराउने प्रस्ताव छ ।

महिलाका लागि छुट्याइएको उक्त ५० प्रतिशतभित्र पनि खस आर्य, आदिवासी जनजाति, मधेसी, दलित, विपन्न खस आर्य, थारू, मुस्लिम, पिछडिएको क्षेत्र र अपाङ्गता भएका व्यक्ति समूहका महिला उम्मेदवारबीच छुट्टाछुट्टै प्रतिस्पर्धा गराउने व्यवस्था छ ।

ती महिला समूहको प्रस्तावित अनुपातमा खस आर्य २७ दशमलव ७ प्रतिशत, आदिवासी जनजाति २५ दशमलव ७ प्रतिशत, मधेसी १५ दशमलव ३ प्रतिशत, दलित १२ दशमलव ७ प्रतिशत, थारू ६ दशमलव ६ प्रतिशत, मुस्लिम ४ प्रतिशत, पिछडिएको क्षेत्र चार प्रतिशत र अपाङ्गता भएका व्यक्ति चार प्रतिशत उल्लेख छ ।

त्यस्तै महिला समावेशी पदबाहेक अन्य ५० प्रतिशत समावेशी पदलाई शतप्रतिशत मानी आदिवासी जनजातिका लागि ३२ दशमलव ५ प्रतिशत, मधेसी १९ प्रतिशत, दलित १५ दशमलव ५ प्रतिशत, विपन्न खस आर्य १० प्रतिशत, थारू ९ प्रतिशत, मुस्लिम पाँच प्रतिशत, पिछडिएको क्षेत्र पाँच प्रतिशत र अपाङ्गता भएका व्यक्तिका लागि चार प्रतिशत सिटमा छुट्टाछुट्टै प्रतिस्पर्धा गराई पदपूर्ति गराइने विधेयकमा उल्लेख छ ।

विधेयकमा निजामती कर्मचारीको अनिवार्य अवकाशको उमेर ५८ लाई बढाएर ६० वर्ष पुर्‍याउने प्रस्ताव गरिएको छ । तर, विधेयकमा नयाँ ऐन प्रारम्भ हुँदाका बखत एकपटकलाई ५५ वर्ष पुरा उमेर भएको वा सेवा अवधि ३० वर्ष पूरा भएको कर्मचारीले अवकाश पाउने प्रावधान रहेको छ ।

सेवा प्रवेशमा उमेरको योग्यताको व्यवस्था भने यथावत नै कायम गरिएको छ । पुरुष उम्मेदवारको ३५ वर्ष र महिला उम्मेदवारको हकमा ४० वर्ष उमेर पूरा नभएको हुनुपर्ने व्यवस्था विधेयकमा उल्लेख छ ।


राजविराज शहर समृद्ध- हरित नगर
राजविराज नगरपालिका
२ नं.वडा कार्यालय
राजविराज सप्तरी
मधेश प्रदेश, नेपाल

पत्र संख्याः२०८३।८४
चलानी नः ८९०
विषय :- सूचना सूचना सूचना
मितिः २०८३।०६।१५

२ नं. वडा कार्यालय रा.वि.न.पा बाट जारी भएको सूचना

उपरोक्त सम्वन्धमा जिल्ला सप्तरी साबिक राजविराज वडा नं.९ हाल परिवर्तित रा.वि.न.पा.वडा नं.२ मा बस्ने स्व. राम शरण दासको बुहारी झवर नारायण दासको श्रीमती चन्डी कुमारी यस कार्यालयमा उपस्थित भई माग गरे अनुसार मेरो श्रीमान् झवर नारायण दास मिति २०८३।०४।२३ गते मृत्यु भएको र निज मृत्यक श्रीमान्को एक मात्र पत्नी चन्डी कुमारी हक अपूताली खाने भएको ले मृतक श्रीमान् झवर नारायण दासको नाउंमा कायम रहेको जग्गाहरु म निवेदन कर्ता को नाउंमा नामसारी हुने गरी सिफारीस गरी पाउं भनि निवेदन मिति २०८३।०६।१४ गतेमा प्राप्त भएको हुदा सो सम्वन्धमा तपसिल उल्लेख भएको जग्गाहरुमा अरु कोही कसैको हक दावी भए वा हकदार भए दावी विरोध गर्नका लागी सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आ-आफ्नो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निवेदन दिन आउनु होला । अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी को लागी अनुरोध छ ।

तपसिल

जि.स.रा.वि.न.पा वाड नं. ९ हाल परिवर्तित बार्ड नं. २ वस्ने झवर नारायण दासको नाउमा कायम रहेको जग्गाहरु ।

| जिल्ला | गाविस/नपा | वार्ड नं. | सा.कि.नं. | क्षेत्रफल, रोपनी |
|---|---|---|---|---|
| सप्तरी | राजविराज | ९ | ११२२ | ०-०-१०-० |
| सप्तरी | दिघवा | १क | ७५१ | ०-०-४.५ |
| सप्तरी | दिघवा | १क | १९४ | ०-०-१३-० |
| सप्तरी | दिघवा | १क | २३० | ०-२-५-० |
| सप्तरी | दिघवा | १क | ४३२ | ०-०-९-० |
| सप्तरी | दिघवा | १क | ९८६ | ०-१०-१८.५ |
| सप्तरी | दिघवा | १क | ६८९ | ०-०-५०१.६० |
| सप्तरी | दिघवा | ५क | १४३ | ०-३-० |
| सप्तरी | दिघवा | ५क | १३४ | ०-१-१७-० |
| सप्तरी | दिघवा | ५क | ३६५ | ०-५-१९-० |
| सप्तरी | दिघवा | ३क | ४२४ | ०-०-१.५ |



राजबिराज नगरपालिका
१ नं.वडा कार्यालय
राजबिराज,सप्तरी
मधेश प्रदेश,नेपाल

प स २०८३/०८४
च न ३९०
मिती :-२०८३।०६।१४

विषय: - सुचना सूचना सूचना ।

उपरोक्त सम्बन्धमा जिल्ला सप्तरी राजबिराज नगरपालिका वाड नं. १० हाल १ बस्ने **सेगरा खातुन ले** तपसिलका जग्गाहरु नामसारी गर्न सिफारिश गरि पाउँ भनि मिति २०८३।०६।१३ गते मा द.न.२३९ को निबेदन दिएको हुदाँ सो जग्गामा कसैको हक दावी भए सूचना प्रकाशित भएको मितिले १५.दिन भित्र आफनो सबुत प्रमाण सहित यस वडा कार्यालयमा निबेदन दिन आउनु होला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा जानकारी गराइन्छ ।

तमसिल

जिल्ला सप्तरी रा.वि.न.पा.२ हाल १ वस्ने **अमानत मियाँ** नाउको दर्ताको जग्गा

| जिल्ला | गा.बि.स./न.पा. | वार्ड नं. | कि.न. | क्षेत्रफल |
|---|---|---|---|---|
| सप्तरी | चनौरा पडरीया | ४ | ८२२ | ०-४-७१/२ |
| सप्तरी | चनौरा पडरीया | ३ | १९०६ | ०-०-११ १/२ |
| सप्तरी | चनौरा पडरीया | ३ | १९०८ | ०-०-११ |
| सप्तरी | चनौरा पडरीया | ३ | १९१२ | ०-१-३ |


**प्रकाशक/सहसम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **लेआउट** : संजय शंखर
**मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*